## झापा जिल्लाको सूरुङ्गामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बंगुरपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ कार्तीक ४ गतेदेखि ६ गतेसम्म झापा जिल्लाको सूरुङ्गामा **"ब्यवसायिक बंगुरपालन तालिम"** सम्पन्न गरेको संस्थाका सूरुङ्गा कार्यालयका शाखा प्रमुख श्री हरि प्रसाद आचार्यले जानकारी गराएका थिए । यस तालिममा एक जना वाह्य विशेषज्ञ सहित शाखा प्रमुख श्री हरि प्रसाद आचार्य, शाखाका कर्मचारी श्री रत्न बहादूर राई र क्षेत्रीय प्रमुख श्री जगत भट्टराइ प्रशिक्षक रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री जगत भट्टराइकाले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका शाखाप्रमुख हरि प्रसाद आचार्यले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता ब्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।संस्थाले २०७६ भाद्र मसान्तसम्ममा ३ लाख ६२ हजार ४ सय ४८ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ भाद्र मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ९१ करोड ९७लाख रहेको छ भने ग्राहक सदस्यहरुको ११ अरब २९ करोड ९५ लाख बचत परिचालन गरेको छ ।




बजार ब्यवस्थापन, बंगुरपालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरु आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने शाखाका शाखा प्रमुख हरि प्रसाद आचार्यले बताएका थिए । ब्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री जगत भट्टराइकाले जानकारी गराएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिमको अन्त्यमा सहभागीहरु श्री कबिता राई र श्री सरिता राईले मन्तब्य राखेका थिए । सहभागीहरुलाई प्रमाण पत्र बितरण गर्दै क्षेत्रीय प्रमूख जगत भटराईले ब्यवसायिक रुपमा बगूर पालन गरि आम्दानी वृद्धि गर्न तालिमल प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्नु हुन सहभागीहरुलाई बताउदै तालीम समापन भएको घोषण गर्नु भयो ।







Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 




Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 